# आमचोक गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

वालंखा, भोजपुर

प्रदेश नं १,नेपाल

प.स:२०७७/०७८

सूचना नः- ३१

विषय :- वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना ।

## सूचना प्रकाशन मिति :- २०७७/१०/०५

प्रस्तुत विषयमा संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७७/०७८, चलानी नं. २६३ बाट आवेदन माग भई आएकाकोले वैदेशिक रोजगारीमा गई फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरुको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारका लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले **"विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार कार्यविधि, २०७६" को अनुसूची २** अनुसारको यसैसाथ संलग्न फाराम भरी खाम्बन्दि गरी तपसीलमा उल्लेखित कागजात सहित मिति २०७७/१०/१८ गते भित्र यस कार्यालयमा दर्ता गराउनुहुन सूचित गरिन्छ । निर्धारित समयभित्र प्राप्त योग्य आवेदनहरुलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा राष्ट्रिय सम्मान तथा पुरस्कारको लागी सिफारिस गरि पठाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल :

| आवश्यक योग्यता | अनुसूची फाराम २ साथ संलग्न गर्नुपर्ने कागजात (प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने) |
|---|---|
| १) नेपाली नागरिक,<br>२) श्रमिक भिसामा विदेश गई कम्तिमा १ वर्ष काम गरी फर्किएको हुनुपर्ने,<br>३) विगत ५ वर्ष भित्र यस मन्त्रालयबाट यस प्रकारको पुरस्कार प्राप्त नगरेको हुनुपर्ने । | १) नेपाली नागरिकताको प्रतिलिपि,<br>२) श्रम स्वीकृतिको प्रतिलिपि,<br>३) भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>५) कर दर्ताको प्रतिलिपि,<br>६) आ.व. ०७६/७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>७) यसअघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा । |

२०७७/१०/०५

(याम बहादुर उप्रेती)

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-२

(कार्यविधिको दफा ४ सँग सम्बन्धित)

विदेशमा काम गरी फर्केका उत्कृष्ट उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि

आवेदन फारम

श्रीमान् सचिवज्यू

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,

सिंहदरबार, काठमाण्डौ ।

महोदय,

म........................वर्ष वैदेशिक रोजगारमा कार्य गरी स्वदेश फर्केको व्यक्ति भएकोले मिति २०  ।  । प्रकाशित सूचना बमोजिम देहायमा उल्लिखित विवरण भरी यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

१. नाम थर

२. बाबुको/ आमाको नाम

३. बाजेको नाम

४. स्थायी ठेगाना

५. हाल बसोबास र व्यवसाय गरेको ठेगाना

(नागरिकताको छाँयाप्रति संलग्न गर्नु पर्नेछ)

६. वैदेशिक रोजगारीमा गएको देशको नाम र बसेको अवधि क्रमश

क.

ख.

ग.

७ विदेशमा रहदा गरेको कामको प्रकृति/(विवरण) सिकेको सीप र ज्ञान

.........................................................................................

८. राहदानी नं.

Departure र Arrival मिति र Visa समेत देखिने गरी (राहदानीको छाँयाप्रति संलग्न गर्नु पर्ने)

९. नेपालमा फर्की शुरु गरेको व्यवसाय:

.........................................................................................

१० व्यवसाय दर्ता गरेको भए दर्ता नं.

११. VAT/PAN नं.

१२ उद्योग/ व्यवसायमा लगानी गरेको पूँजी रकम

१३ स्थानीय स्रोत साधन उपयोग गरेको भए के के उपयोग भएका छन् खुलाउने (स्रोतको परिमाण तथा प्रतिशत,.....................................................

१४ निर्यातमूलक उद्योग भए केके र वार्षिक कति निर्यात हुन्छ खुलाउने

.........................................................................................

१५ सामाजिक दायित्व बहन गरेको भए के कस्तो संस्थालाई कहिले, कसरी र कति योगदान गरेको हो नगद बस्तुगत खुलाउने (स्थानीय स्तरमा आर्थिक सहयोग, जस्तै: विद्यालय , कलेज, च्यारिटीमा योगदान)

.........................................................................................................................................

(प्रमाण पेश गर्ने )

१६ वातावरण मैत्री प्रविधि प्रयोग तथा प्रदुषण व्यवस्थापन गरेको भए के कस्तो प्रविधि कसरी प्रयोग भएको छ खुलाउने ।

.........................................................................................................................................

१७ उद्यम संचालन भएको स्थानको अवस्था कस्तो रहेको छ ? चिनो (√) लगाउने

(क) गाँउपालिका क्षेत्रभित्र संचालन

(ख) नगरपालिका क्षेत्रभित्र संचालन

आफुले उल्लेख गरेका विषयको यथाशक्य प्रमाणित गर्ने कागजात संलग्न गर्नुपर्ने छ ।

**निवेदक**

हस्ताक्षर......

नाम थर .....

ठेगाना........

मिति...............

सम्पर्क फोन नं...........

इमेल.......

संस्थाको छाप ...........